नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

जेठ २, २०७८

श्री अध्यक्षजी,
नेपाली जनसम्पर्क समिति
**(सबै जनसम्पर्क समितिहरुका लागि) ।**

## विषय : कोभिड–१९ रोकथाम र उपचारमा सहयोग सम्बन्धमा ।

प्रिय साथी,

सरकारको चरम लापरवाही, कुशासन र संवेदनहीनताका कारण आम नागरिक बीच कोभिड–१९ को संक्रमण नेपालमा तीव्र रुपमा फैलिरहेको छ । अक्सिजन, भेन्टिलेटर, अस्पताल वेड र औषधीको अभावमा मृत्युदर बढिरहेको छ । हामीले जति खवरदारी गरे पनि सत्ता जोगाउने खेलमा मात्र सरकारको ध्यान केन्द्रीत छ । यस्तो संकटपूर्ण अवस्थामा नेपाली कांग्रेस संक्रमितहरुलाई हरतरहले सहयोग पुऱ्याउने अभियानमा लागेको विदितै छ । संक्रमण फैलिन नदिन रोकथाम सम्बन्धि स्वास्थ्य मापदण्ड पालना गर्ने बारे सचेतना अभियान चलाउने तथा संक्रमित भई अस्पतालमा उपचारको खाँचो परेका नागरिकहरुलाई सहयोगीको भूमिका निर्वाह गर्ने बारेमा पार्टीले हरेक तहको संरचना परिचालन गर्ने निर्णय गरे अनुसार पार्टीको सबै तहको संरचना क्रियाशील छ ।

कोभिड–१९ महामारीको रोकथाम र उपचार प्रयोजनका लागि विदेश स्थित नेपाली जनसम्पर्क समिति, जनसम्पर्क समितिसँग जोडिएका संघ–संस्था, गैर आवासीय संघका पदाधिकारी एवं सदस्यहरु तथा अन्य व्यक्तिहरुबाट आर्थिक सहयोगको अपेक्षा पार्टीले गरेको छ । यसरी प्राप्त सहयोग रकम नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले गठन गरेको कोभिड–१९ अनुगमन समितिको समन्वय र सुझावका आधारमा केन्द्रको निर्णय

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

बमोजिम देशका विभिन्न ठाउँमा आवश्यकताको पहिचान गरी प्राथमिकताका आधारमा अक्सिजन लगायत अन्य स्वास्थ्य सामाग्री वितरणमा प्रयोग गरिनेछ । साथै, सम्बन्धित जनसम्पर्क समिति, व्यक्ति वा संस्थाहरुले सिंधै स्वास्थ्य समाग्रीहरु पार्टी मार्फत वितरण गर्न र पठाउन समेत सक्नेछन् । विदेशमा संकलित रकम नेपाली जनसम्पर्क समिति मार्फत् वा व्यक्ति वा संघ संस्थाहरुले सिधैं नेपाली कांग्रेस केन्द्रीय कार्यालयको तपसीलको खाता नम्बरमा जम्मा गर्ने व्यवस्था मिलाइएको छ । पार्टीको खातामा यसरी सहयोग रकम पठाउँदा सो को विवरण पार्टीको इमेल (info@nepalicongress.org) मार्फत् जानकारी समेत गराउनु पर्नेछ । उदारतापूर्वक प्राप्त सहयोग रकम र कोभिड–१९ को प्रयोजनको लागि गरिएको खर्चको विवरणको अभिलेख पार्टी केन्द्रमा राखिनेछ ।

**<u>रकम जम्मा गर्ने बैंक, ठेगाना र खाता नम्बर</u>**

| | |
|---|---|
| बैंकको नाम : | राष्ट्रिय वाणिज्य बैंक |
| शाखा कार्यालय : | टेकु, काठमाडौं |
| खातावालाको नाम : | नेपाली कांग्रेस केन्द्रीय कार्यालय |
| खाता नं. : | 1700100007146010 |
| SWIFT Code: | RBBANPKA |

**जय नेपाल !**

शेरबहादुर देउवा
**सभापति**

टेलिफोन : (००९७७-१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org